# भिमाद नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखाको
# स्वीकृत वार्षिक कार्यक्रम
# कार्यान्वयन कार्यविधि
# २०८३/०८४

नगर कार्यपालिकाको मितिः२०८३/०५/२४ को निर्णयानुसार स्वीकृत

भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ

भिमाद नगरपालिकाको आ. व. २०८३/०८४ को स्वीकृत नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गरी नेपालको संविधान, अनिवार्य निःशुल्क शिक्षा सम्बन्धी ऐन तथा नियमावली तथा विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ र भिमाद नगरपालिकाको दस वर्षे शिक्षासम्बन्धी दुरदृष्टि २०७९-२०८८ एवम् भिमाद नगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना २०८२-२०८६ मा समाविष्ट योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विगतका वर्षहरूमा प्राप्त उपलब्धि र सिकाइलाई आत्मसात् गर्दै स्वीकृत कार्यक्रमका निर्दिष्ट लक्ष्यहरू समयमै प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ ।

भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा विद्यालय शिक्षा तथा खेलकुदसँग सम्बन्धित शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा कार्यान्वयन हुने कार्यक्रम वार्षिक नगर विकास योजना, २०८३/०९४ मा समावेश गरिएका छन् । उक्त कार्यक्रमहरू शिक्षा, युवा तथा खेलकुद शाखाबाट कार्यान्वयन गर्न सहजताका लागि यो कार्यविधि तयार गरिएको हो । शाखाका मुख्य कार्यक्रमहरूमा संघीय सरकारबाट स्वीकृत प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता, माध्यमिक विद्यालयका सहायक कर्मचारी, सहयोगी कर्मचारीहरूका लागि थप तलब, मंगलोदय मा.वि. कक्षा ११, १२ शिक्षक व्यवस्थापन अनुदान, युवा स्वयमसेवक शिक्षक कर्मचारी व्यवस्थापन, नगर स्रोतका कम्प्युटर शिक्षक तलब तथा पोशाक, दिवा खाजा

थप, दिवा स्याहार केन्द्र सञ्चालन, प्र.अ. तथा शिक्षा समिति बैठक भत्ता, विद्यालय, विद्यार्थी शिक्षक पुरस्कार, विषयगत सिकाइ समूह गठन तथा परिचालन, नगरस्तरीय परीक्षा सञ्चालन तथा स्तरमापन परीक्षण, शैक्षिक क्यालेन्डर, सुपरिवेक्षण तथा अनुगमन, डिजिटल सामग्री निर्माण प्रतियोगिता, स्थानीय पाठ्यपुस्तक निर्माण, पाठ्यपुस्तक छपाइ, शाखाको प्रस्तावमा शैक्षिक कार्यक्रम, विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका, विद्यालय स्तरीकरण परीक्षण, शिक्षक विद्यार्थी प्रतिभा पहिचान, विद्युतीय हाजिरी व्यवस्थापन, राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप, बालबालिका शिक्षा कार्यक्रम, नगरको प्रतिनिधित्वमा खेलकुद प्रतियोगितामा सहभागी हुँदा लाग्ने खर्च व्यवस्थापन, उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय तथा प्र.अ. लाई पुरस्कार, बालविकास केन्द्र व्यवस्थापन, नगर प्रमुख शैक्षिक सुधार, कोषनर आ. वि. भवन निर्माण/मर्मत कार्यक्रम, निवृत्त शिक्षक समाज भिमादका कार्यक्रम कार्यक्रम आदि समावेश छन् ।

यो कार्यविधि भिमाद नगरपालका, तनहुँको विनियोजन ऐन, २०८३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले बनाएको हो । यस कार्यविधिमा उल्लिखित विधि र प्रक्रियाहरूको पालना गरी वित्तीय अनुशासन कायम राख्न तथा पारदर्शी एवम् प्रभावकारी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्न सहयोग पुग्ने छ । अन्तमा, यो कार्यविधिको कार्यान्वयनका क्रममा कुनै कठिनाइ भएमा नगरस्तरीय निर्णयबाट परिमार्जन गरी कार्यान्वयन गरिने छ ।

भाद्र, २०८३

भिमाद नगरपालिका, तनहुँ ।

# भिमाद नगरपालिका शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलाप र कार्यान्वयन कार्यविधि

## आ.व. २०८३/०८४

## आ. व. २०८३/०८४ को स्वीकृत नगर विकास योजना अनुसारका कार्यक्रम

| क्र. सं. | रातो किताब | क्रियाकलाप र कार्यान्वयन प्रक्रिया (आ.व. २०८३/०८४ को स्वीकृत नगर विकास योजनामा आधारित) | विनियोजन | जिम्मेवारी | आवश्यक कागजात/ प्रगति सूचक |
|---|---|---|---|---|---|
| १ | १ | संघीय सरकारबाट माध्यमिक विद्यालयका सहायक कर्मचारीका लागि दिने तलबमा थप तलव व्यवस्थापन (मासिक ४ हजारका दरले १३ महिनाको) | ७२८००० | • बालविकास केन्द्र<br>• विद्यालय वस्थापन समिति<br>• प्रधानाध्यापक<br>• नगरपालिका | • निकासा माग पत्र<br>• विद्यालयको माग फाराम<br>• प्र.अ. बाट प्रमाणित हाजिरी विवरण<br>• पारिश्रमिक बुझेको भरपाई वा बैङ्क खातामा जम्मा गरेको भौचर<br>• *अनुदान प्राप्त गर्ने विद्यालय*<br>• *विद्यालयले भरेको शैक्षिक तथ्याङ्क* |
| २ | २ | संघीय सरकारबाट स्वीकृत प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताका लागि दिने तलवमा थप तलव व्यवस्थापन (मासिक ४ हजारका दरले १३ महिनाको) | १७१६००० | | |
| ३ | ३ | संघीय सरकारबाट आधारभूत विद्यालयका सहयोगी कर्मचारीलाई दिने तलवमा थप तलव व्यवस्थापन (मासिक ३ हजारका दरले १३ महिना) | १०१४००० | | |
| ४ | ९ | संघीय सरकारबाट माध्यमिक विद्यालयका सहयोगी कर्मचारीलाई दिने तलवमा थप तलव व्यवस्थापन (मासिक ६ हजारका दरले १३ महिना) | १०९२००० | | |
| ५ | ४ | नगर स्रोतका कम्प्युटर शिक्षक तलव तथा पोषाक (मासिक १७ हजारका दरले) | १६२७००० | • विद्यालय<br>• विद्यालय व्यवस्थापन समिति<br>• प्रधानाध्यापक<br>• नगरपालिका | • निकासा माग पत्र<br>• विद्यालयको माग फाराम<br>• प्र.अ. बाट प्रमाणित हाजिरी प्रतिवेदन<br>• पारिश्रमिक बुझेको भरपाई वा बैङ्क खातामा जम्मा गरेको भौचर<br>• *अनुदान प्राप्त गर्ने विद्यालय* |
| ६ | ८ | नगर स्रोतका बाल विकास सहजकर्ता तलब तथा पोषाक (मासिक १३ हजारका दरले) | १८२०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • *विद्यालयले भरेको शैक्षिक तथ्याङ्क* |
| ७ | ५ | **अपाङ्गता भएका बालबालिकाहरूका लागि जनज्योति मा. वि. दिवा स्याहार केन्द्र सञ्चालन**<br><br>शारीरिक, मानसिक, भाषिक लगायत अन्य अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय प्रवेशको अधिकारलाई सुनिश्चित गर्न जनज्योति मा.वि.मा स्थापना भएको दिवा स्याहार केन्द्र सञ्चालनका लागि तपसिल अनुसार कार्यक्रम सञ्चालन गर्ने ।<br>दिवा स्याहार केन्द्रको सहजकर्ता/सुसारेको १२ महिनाको तलब, चाडपर्व खर्च तथा पोशाक समेत<br>मासिक तलब तथा चाडपर्व रु १२ हजार<br>पोशाक खर्च चैत्र महिनामा रू १० हजार<br>दिवा खाजाका लागि प्रतिदिन प्रतिविद्यार्थी - रु.४०<br>बाँकी रहेको रकमबाट खेल सामग्री तथा बसाइ व्यवस्थापन लगायत विद्यालयको मागका आधारमा दिवा स्याहार केन्द्रका लागि प्रचलित कानुनबमोजिम सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने । | ३००००० | • अपाङ्ग समन्वय समिति<br>• जनज्योति मा. वि.<br>• दिवा स्याहार केन्द्र<br>• नगरपालिका | • तलब माग पत्र<br>• तलब तथा दिवा खाजा माग फारम<br>• प्रमाणित हाजिरी विवरण<br>• विव्यस निर्णय<br>• विल भरपाई<br>• सामग्री माग<br>• *लाभान्वित विद्यार्थी सङ्ख्या विवरण*<br>• *व्यवस्थापन भएका सामग्री* |
| ८ | ६ | **कक्षा ११ र १२ मा शुन्य दरबन्दी रहेको मंगलोदय मा.वि लाई शिक्षक व्यवस्थापनका लागि तलब र पोषाक भत्ता अनुदान मासिक ३९५०० का दरले**<br><br>भिमाद नगरपालिका वडा नं. ८ मा सञ्चालनमा रहेको मंगलोदय मा.वि. मा कार्यरत कक्षा ११-१२ मा सहजीकरण गर्ने शिक्षकका लागि १२ महिनाको मासिक तलब तथा एक महिना बराबरको चाडपर्व खर्च र पोशाक समेत<br><br>(१) मासिक तलब तथा चाडपर्व - ३९ हजार ५ सय<br><br>(२) पोशाक खर्च चैत्र महिनामा रु.१० हजार | ५२३५०० | • विद्यालय व्यवस्थापन समिति<br>• प्रधानाध्यापक<br>• नगरपालिका | • तलब भत्ता माग निवेदन<br>• माग फाराम<br>• प्र.अ. बाट प्रमाणित हाजिरी<br>• पारिश्रमिक बुझेको भरपाई वा बैङ्क खातामा जम्मा गरेको भौचर<br>• *अनुदान प्राप्त गर्ने विद्यालय*<br>• *विद्यालयले भरेको शैक्षिक तथ्याङ्क* |
| ९ | ७ | **विद्यालयमा शिक्षक/ कर्मचारी सुत्केरी हुँदा वा अन्य कारणले रिक्त हुँदा शिक्षक/कर्मचारी व्यवस्थापन गर्न युवा स्वयम् सेवक शिक्षक/कर्मचारी बैङ्क स्थापना तथा परिचालन कार्यक्रमका लागि अनुदान :** | २८०००० | • विद्यालय व्यवस्थापन समिति<br>• प्रधानाध्यापक<br>• नगरपालिका | • विद्यालयको शिक्षक रिक्तताको कारण सहितको विव्यस निर्णय र स्वयमसेवक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालयमा शिक्षक/कर्मचारी सुत्केरी भई वा अन्य कारणले नियमित पठनपाठन तथा अन्य कार्यमा बाधा नपुगोस् भन्ने उद्देश्यले शिक्षा विभागबाट मिति २०८२।०९।०७ मा स्वीकृत शिक्षक बैङ्कको स्थापना एवम् परिचालनसम्बन्धी अवधारणापत्रका मान्यता समेत अवलम्बन गरी (ससर्त कार्यक्रम तर्फको शिक्षक बैङ्कको कार्यान्वयन समेत) छोटो समयको लागि शिक्षक अनुपस्थित भएको वा शिक्षक पदपूर्ति नभएका कारणबाट विद्यार्थीको पठनपाठन प्रभावित हनु नदिनका लागि सामुदायिक विद्यालयमा युवा स्वयम् सेवक शिक्षक/कर्मचारी व्यवस्थापन गर्न<br>• तहगत र विषयगत रूपमा तोकिएको योग्यता पुगेका व्यक्तिहरूलाई नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी निवेदन, नागरिकता र शैक्षिक योग्यताका प्रमाणपत्रका आधारमा दर्ता गरी सूचीकृत गर्ने<br>• शिक्षक सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेदवार वा नगरपालिकामा हुने शिक्षक छनोट परीक्षामा सहभागी भई वैकल्पिक योग्यता वा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस नभएका उम्मेदावारलाई सूचीकृत गर्न सकिने<br>• आवश्यकतानुसार सूची अद्यावधिक गर्दै जान सकिने<br>• न्यूनतम योग्यताका लागि ३० अङ्क, माथिल्लो योग्यताका लागि १० अङ्क र प्रथम श्रेणी भए १० द्वितीय श्रेणी भए ७ र तृतीय श्रेणी भए ५ अङ्क गरी जम्मा ५० अङ्कका आधारमा शिक्षकको तहगत तथा विषयगत योग्यताक्रम निर्धारण गर्ने।<br>• विद्यालयले रिक्त अवस्थाको जानकारी शिक्षा शाखालाई गराउने<br>• शिक्षा शाखाले शिक्षक खटार्न आवश्यक ठहर गरेमा ३ दिनको सूचना प्रकाशन गर्ने<br>• सूचीकृत भएका व्यक्तिहरूमध्येबाट सूचीकृत प्राथमिकतामा अगाडि रहेको व्यक्तिलाई सम्बन्धित विद्यालयको स्वयमसेवक शिक्षकको रूपमा नियुक्त गरी बढीमा ९० दिन सम्मका लागि कामकाज गर्न खटाउने<br>• स्वयम् सेवक शिक्षक/कर्मचारीका लागि तपसिल अनुसार मासिक निर्वाह खर्च उपलब्ध गराउने। (१ महिनाभन्दा कम हुँदा दैनिक निर्वाह खर्च मासिक रकमलाई हिसाब गरी दिन सकिने छ )<br>तपसिल<br>(१) वालविकास सहजकर्ता - १० हजार<br>(२) प्रा. वि. शिक्षक - १२ हजार<br>(३) नि. मा. वि. शिक्षक - १५ हजार<br>(४) मा. वि. शिक्षक - २० हजार | | | शिक्षक/ कर्मचारी माग पत्र<br>• प्र. अ. बाट विदा स्वीकृत गरेको सम्बन्धित शिक्षकको निवेदनको प्रतिलिपि<br>• अस्पतालको जन्म प्रमाणपत्र /जन्मदर्ता प्रमाणपत्र<br>• स्वयम् सेवक शिक्षक कर्मचारीको नियुक्तिपत्र<br>• प्र.अ. बाट प्रमाणित हाजिरी प्रतिवेदन<br>• *अनुदान प्राप्त गर्ने विद्यालय*<br>• *विद्यालयले भरेको शैक्षिक तथ्याङ्क* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (५) मा. वि. (कक्षा ११/ १२) शिक्षक- २५ हजार<br>(५) कार्यालय सहयोगी प्रा. वि. - ७ हजार | | | |
| १० | १० | **शिक्षा युवा तथा खेलकुद शाखको आयोजनामा हुने शिक्षा समिति, प्र.अ. तथा अन्य बैठक भत्ताः**<br><br>भिमाद नगरपालिका, तनहुँको नगर शिक्षा समिति बैठक तथा शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रकाशित शैक्षिक सत्र २०८३ को शैक्षिक कार्यपात्रोमा उल्लेख भएअनुसार वा विशेष अवस्थामा आयोजनामा हुने नगर भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको बैठक वा अन्य शिक्षा शाखाबाट आह्वान गरिएका बैठकमा उपस्थित हुने नगर शिक्षा समितिका पदाधिकारी, प्र.अ., शिक्षक तथा कर्मचारी बैठकमा उपस्थित हुँदाको बैठक भत्ता तथा खाजा/खाना वापतको रकम भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०८१ अनुसारको बैठक भत्ता तथा खाजा खर्चका लागि खर्च लेख्ने । | ५४९५०० | • शिक्षा युवा तथा खेलकुद शाखा<br>• प्रधानाध्यापक<br>• शिक्षा समिति<br>• नगरपालिका | • बैठकको उपस्थिति तथा निर्णय सहितको माइन्युट<br>• विल भरपाई<br>• बैठक भत्ता बुझेको भरपाई वा बैङ्क खातामा जम्मा गरेको भौचर |
| ११ | ११ | **उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक र संस्थागत विद्यालय, विद्यार्थी र सामुदायिक विद्यालयका शिक्षकहरूलाई पुरस्कार (कक्षा ८, एसइइ तथा एसएलसी) प्र. अ. सँगको कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा उत्कृष्ट विद्यालय तथा प्रधानाध्यापक सम्मान तथा पुरस्कार**<br>भिमाद नगरपालिकाभित्रका विद्यालयबाट कक्षा ८, see र slc मा उत्कृष्ट नतिजा हासिल गर्न सफल सामुदायिक तथा संस्थागत विद्यालय, सामुदायिक विद्यालयका विषयगत औषतमा उच्चतम नतिजा हासिल गरेका शिक्षक र उच्चतम नातिजा हासिल गर्ने सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी छात्र छात्राहरूलाई प्रशंशापत्र/ सम्मानपत्र/ नगदसहित सम्मान गर्ने ।<br>• विद्यालयबाट नतिजा विवरण माग गर्ने ।<br>• प्राप्त विवरणका आधारमा उत्कृष्ट शिक्षक विद्यार्थी पहिचान गरी प्रस्ताव तयार गरी कार्यालयबाट स्वीकृत प्रस्ताव अनुसार सम्मान तथा पुरस्कार प्रदान गर्ने ।<br>शिक्षा युवा तथा खेलकुद शाखा तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकबिच भएको कार्यसम्पादन सम्झौतामा प्रधानाध्यापकको स्वमूल्याङ्कन तथा शाखाले गरेको परीक्षणमा कार्यसम्पादन सम्झौतामा भएको व्यवस्थानुसार उत्कृष्ट प्रधानाध्यापकलाई नगद, दोसल्ला तथा | २००००० | • सामुदायिक तथा संस्थागत विद्यालय<br>• विद्यार्थी<br>• सामुदायिक विद्यालयका शिक्षक<br>• प्रधानाध्यापक<br>• शिक्षा शाखा<br>• नगरपालिका | • प्रस्तावना<br>• उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयहरू<br>• उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरू<br>• पुरस्कृत विद्यालय तथा विद्यार्थीहरू<br>• विल, भरपाई<br>• प्रतिवेदन<br>• कार्यसम्पादन सम्झौता<br>• सम्झौता मूल्याङ्कन फाराम<br>• पुष्टि गर्ने कागजात<br>• सम्मानित हुने प्रधानाध्यापक तथा विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सम्मानपत्रसहित पुरस्कृत गर्ने । | | | |
| १२ | **१२** | **स्थानीय पाठ्यक्रम मेरो भिमाद, २०८२ (कक्षा ६ देखि ८) मा आधारित पाठ्यपुस्तक लेखन**<br>राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को व्यवस्था कार्यानवयनका लागि मेरो भिमाद स्थनीय पाठ्यक्रम- (कक्षा ६-८) २०८२ मा आधारित मेरो भिमाद स्थानीय विषयको १०० पूर्णाङ्कको पाठ्यपुस्तक निर्माण गरी सबै विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका लागि कार्यपालिकाबाट गठन भएको कार्यदलले तोकिएको कार्यविवरणका आधारमा पाठयपुस्तकको मसौदा तयार गर्ने ।<br>कार्यदलले भिमाद नगरपालिकाबाट दिइएको कार्यविवरणमा आधारित रही तोकिएको पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन गरी, सरोकारवालाहरूबाट राय सुझाव तथा पृष्ठपोषण लिई संशोधन गर्ने, शिक्षक कार्यशाला समेत सञ्चालन गरी सुझाव तथा पृष्ठपोषणका आधारमा आवश्यक संशोधन गरी पाठ्यपुस्तकको मसौदा तयार गरी भिमाद नगरपालिकामा पेश पर्ने ।<br>कार्यदलका सदस्यहरूलाई अर्थ मन्त्रालयको च. नं. ८०४ मिति २०६७।१।६ को पाठ्यक्रम विकास केन्द्रका लागि स्वीकृत नर्म्स बमोजिम प्रति कक्षा १ लाख ५० हजारका दरले जम्मा ४ लाख ५० हजार बैठक खर्च गर्न सक्ने गरी खर्च लेख्ने । कार्यदलको बैठक बाहेक पाठ्यपुस्तकको सुझाव सङ्कलन कार्यशाला सञ्चालन, टाइपिङ, प्रिन्ट, प्रुफ तथा भ्रमण खर्च लगायतमा खर्च लेख्ने । उपर्युक्त रकम प्रस्ताव तयार गरी भिमाद नगरपालिका, तनहुँको खर्चको मापदण्डमा आधारित रही खर्च गर्ने । | ६५०००० | • नगरपालिका<br>• शिक्षा शाखा<br>• कार्यदल | • कार्यपालिका निर्णय<br>• प्रस्तावना<br>• कार्यदलको बैठक माइन्यूट<br>• सुझाव सङ्कलन कार्यशाला तथा शिक्षक कार्यशालाको उपस्थिति<br>• कार्यपालिकाबाट स्वीकृतिको निर्णय<br>• विल भरपाई<br>• कक्षा ६ देखि ८ को पाठ्यपुस्तक |
| १३ | **१३** | **स्थानीय पाठ्यक्रम मेरो भिमाद, २०७८ (कक्षा १ देखि ५) तथा २०८२ (कक्षा ६ देखि ८) मा आधारित पाठ्यपुस्तक छपाइ तथा वितरणः**<br>भिमाद नगर कार्यपालिकाबाट कार्यदल निर्माण गरी लेखन तथा कार्यपालिकाबाट स्वीकृत गरिएको मेरो भिमाद कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक पाठ्यपुस्तक सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि सार्वजनिक खरिद प्रक्रियामार्फत छपाइ गर्ने ससर्त कार्यक्रममबाट नपुग रकम यस शीर्षकबाट खर्च लेख्ने गरी छपाइ तथा वितरण गर्ने । | ७००००० | • विद्यालय<br>• नगरपालिका | • IEMIS तथ्याङ्क<br>• पाठ्पुस्तक छपाई<br>• विल/भरपाई<br>• पाठ्यपुस्तक प्राप्त गर्ने विद्यालय र विद्यार्थी सङ्ख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | **१४** | **कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका छपाई तथा वितरणः**<br><br>सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-५ का विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन मार्फत सिकाइ उपलब्धि अभिलेखीकरण गरी पोर्टफोलियो व्यवस्थापन गर्नका लागि आधारभूत पाठ्यक्रम (कक्षा १-३) तथा पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित आधारभूत तह कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०८३मा आधारित रही मूल्याङ्कन सूचकसहितको अभिलेखीकरण पुस्तिका छपाई गरी सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि विद्यार्थी सङ्ख्या यकिन गरी वितरण गर्ने। | २००००० | • सम्बन्धित विद्यालय<br>• प्रधानाध्यापक<br>• शिक्षक<br>• नगरपालिका | • IEMIS तथ्याङ्क<br>• विल/ भरपाई<br>• शैक्षिक तथ्याङ्क अभिलेख<br>• आन्तरिक मूल्याङ्कन अभिलेखीकरण गरिएका विद्यार्थी सङ्ख्या |
| १५ | **१५** | **विषयगत सिकाइ समूह गठन तथा परिचालन (भेला, विषयगत बैठक, तालिम कार्यशाला) :**<br><br>भिमाद नगरपालिकाको विषयतग शिक्षक सिकाइ समूह (गठन तथा परिचालन ) निर्देशिका, २०८१ मा आधारित रही तपसिल अनुसार कार्यक्रम सञ्चालन गर्ने।<br>क) भिमाद नगरपलिका भित्रका सामुदायिक विद्यालयमा अध्ययापनरत शिक्षकहरूको भेलाबाट माध्यमिक तह स्थायी शिक्षकहरूको संयोजकत्वामा विषयगत समिति गठन तथा अध्यावधिक गर्ने<br>ख) विषयगत समितिहरूको बैठक सञ्चालन तथा व्यवस्थापनका लागि बैठकमा उपस्थित भएका सदस्यहरूलाई नियमानुसार उपस्थित भएको दिनको भत्ता उपलब्ध गराउने<br>ग) विषयगत रूपमा कक्षाकोठामा देखिएका सिकाइ सहजीकरणका समस्या, शिक्षाका नवीनतम प्रविधि तथा मूल्याङ्कन सम्बन्धमा विषयगत शिक्षकहरूलाई तालिम कार्यशाला सञ्चालन गर्ने<br>घ) विषयगत समितिको बैठक सञ्चालनका लागि खर्च व्यवस्थापन | २००००० | • नगरपालिका<br>• विषयगत समिति<br>• शिक्षा समिति<br>• शिक्षा शाखा<br>• विद्यालय | • प्रस्तावना<br>• भेलाको उपस्थिति र निर्णय<br>• विषयगत समितिका बैठक निर्णय<br>• तालिम कार्यशाला सञ्चालनको उपस्थिति<br>• विल भरपाई<br>• प्रतिवेदन |
| १६ | **१६** | **युवा क्लब भिमाद मार्फत १६ बर्ष मुनिका बालबालिकालाई फुटबल प्रशिक्षण तथा खेलकुद सामग्री खरिद**<br><br>भिमाद नगरपालिका वडा नं. ६ मा अवस्थित युवा क्लव भिमादको व्यवस्थापन तथा ६ नं. वडा कार्यालयको समन्वयमा ६ नं. वडाभित्र बसोबास गर्ने १६ वर्ष मुनिका विद्यार्थी बालबालिकाहरूलाई विद्यालय समय बाहेकको समयलाई अनुशासन तथा नेतृत्व विकास गरी भविष्यको खेलाडिको रूपमा विकास गर्न ६ महिना खेल प्रशिक्षण सञ्चालन गर्ने | ३००००० | • युवा क्लव भिमाद<br>• ६ नं. वडा कार्यालय<br>• नगरपालिका | • युवा क्लव भिमादको फुटबल प्रशिक्षण प्रस्ताव<br>• खेल सञ्चालन कार्यतालिका<br>• वडा समितिको निर्णय<br>• प्रशिक्षार्थी हाजिरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तपसिल अनुसार गर्ने<br>(१) विद्यालय सञ्चालन हुने बाहेकको समय तथा विद्यालयका परीक्षाको नजिकको समय बाहेकका दिनमा भिमाद रङ्गशालामा प्रशिक्षण गर्ने ।<br>(२) प्रशिक्षकले प्रशिक्षक प्रशिक्षण प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>(३) नगरपालिकाले कार्यसम्पादन सम्झौता गरी मूल प्रशिक्षकले प्रशिक्षणण गरेको मासिक बढीमा रू २००००।० (अक्षरेपि बिस हजार) का दरले सहायक प्रशिक्षक २ जना मासिक  रू १२०००।० (अक्षरेपि बाह्र हजार) का दरले पारिश्रमिक उपलब्ध गराउने ।<br>(४) प्रशिक्षण प्रतिदिन न्यूनतम २ घण्टा गर्नुपर्ने ।<br>(५) फुटबल खेलका लागि आवश्यक पर्ने सामग्रीहरू (फुटबल, जाली, चुना, प्राथमिक उपचार सामग्री, पोशाक लगायतका अन्य आवश्यक सामग्री) खरिद गर्ने | | | • प्रशिक्षकको हाजिरी<br>• वडा कार्यालय/ नगरपालिकासँग कार्यसम्पादन सम्झौता<br>• पारिश्रमिक बुझेको भरपाई वा बैङ्क जम्मा भौचर<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• वडाको भुक्तानी सिफारिस (हाजिरी प्रमाणित सहित)<br>• शाखाको अनुगमन प्रतिवेदन<br>• बिल तथा भरपाई<br>• प्रशिक्षित खेलाडि सङ्ख्या |
| १७ | **१७** | **विभिन्न खेलकुद प्रतियोगितामा नगरको तर्फबाट सहभागी हुने खेलाडीहरूका लागि तथा विविध खेलकुद सँग सम्बन्धित खर्च व्यवस्थापन :**<br>गण्डकी प्रदेशका स्थानीय तहले आयोजना गर्ने पालिकास्तरीय खेलकुद प्रतियोगितामा सहभागिताका लागि निमन्त्रणा पत्र आएका वखत भिमाद नगरपालिका भित्रका विभिन्न क्लव तथा खेलाडिहरू  प्रतियोगितामा सहभागी हुँदा शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा सहभागी भएमा,<br>खेलकुद प्रतियोगितामा समूह दर्ता शुल्क, पोशाक खर्च, यातायात, खाजाखाना सहित होटल खर्च वापतको न्यूनतम रकम उपलब्ध गराउने । | २००००० | • नगरपालिका<br>• खेलकुद विकास समिति | • प्रस्तावना<br>• सहभागी हुने खेलाडि सङ्ख्या<br>• विल भरपाई<br>• प्रतिवेदन |
| १८ | **१८** | **नेपाल सरकार, सूचना तथा प्रशारण विभागबाट स्वीकृत एकीकृत हाजिरी प्रणालीको खरिद तथा व्यवस्थापन (मा.वि. तथा ८ कक्षा सञ्चालन भएका आ.वि.)**<br>सामुदायिक विद्यालयको हाजिरी प्रणालीलाई नेपाल सरकारको एकीकृत हाजिरी प्रणालीसँग आबद्ध गरी दैनिक हाजिरीलाई व्यवस्थित गर्न | ३००००० | • विद्यालय<br>• प्रधानाध्यापक<br>• शिक्षा शाखा<br>• नगरपालिका | • हाजिरीमा आबद्ध विद्यालय<br>• शिक्षक सङ्ख्या<br>• विल भरपाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नगरपालिकाबाट निर्माण गरिएको Specification बमोजिम शिक्षा, युवा तथा खेलकुद शाखाले सार्वजनिक खरिद प्रक्रिया मार्फत अनलाईन हाजिरी डिभाइस खरिद गरी विद्यालयमा व्यवस्थापन गर्ने । | | | |
| १९ | **१९** | **अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको कार्यान्वयनका लागि भिमाद नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका, विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि शैक्षिक सहायता कार्यक्रमः**<br><br>नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको आर्थिक समस्या भएका कारण पठनपाठनलाई निरन्तरता दिन कठिनाई भएको अवस्थामा अध्ययनलाई निरन्तरता दिन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगर शिक्षा समितिमा पेश भएका निवेदन सङ्कलन गरी नगर शिक्षा समितिको निर्णयानुसार आवश्यकताका अनुसार नगद वा शैक्षिक सामग्री, पोशाक तथा झोला खरिद गरी उपलब्ध गराउने । | २००००० | • विद्यार्थी<br>• विद्यालय<br>• वडा कार्यालय<br>• नगरपालिका | • सहायता पाएका विद्यार्थी सङ्ख्या<br>• विद्यालयको तथ्याङ्क प्रणाली |
| २० | **२०** | **शिक्षा, युवा तथा खेलकुद शाखाको प्रस्तावमा बैठक, तालिम, कार्यशाला लगायतका शैक्षिक कार्यक्रम संचालन तथा व्यवस्थापनः**<br><br>भिमाद नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शैक्षिक कार्यक्रम सञ्चालनका लागि तत्काल आवश्यक पर्नसक्ने कार्यक्रमहरू तथा तालिम, कार्यशाला, बैठक, अभिमुखीकरण, अन्तर्क्रिया सञ्चालन गर्ने । शिक्षा शाखाको प्रस्तावमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको सञ्चालन का लागि प्रस्ताव निर्माण तथा स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने । | ७००००० | • नगरपालिका<br>• नगर शिक्षा समिति | • प्रस्ताव<br>• कार्यक्रममा सहभागी सङ्खया<br>• कार्यक्रमबाट लाभान्वित विद्यालय<br>• विद्यार्थी |
| २१ | **२१** | **बाल क्लव, समूह, सञ्जाल पुनर्गठन तथा बालबालिका सम्बन्धी विविध कार्यक्रमः**<br><br>भिमाद नगरपालिकाभित्रका विद्यालयस्तरीय बाल क्लव, वडास्तरीय बाल सञ्जाल र नगरस्तरीय बाल मञ्च गठन तथा पुनर्गठन गरी बालबालिकाको नेतृत्व विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | २००००० | • बाल समूहहरू<br>• विद्यालय<br>• वडा कार्यालय<br>• नगरपालिका | • प्रस्तावना<br>• बाल भेलाको उपस्थति तथा निर्णय<br>• बाल क्लव सङ्ख्या<br>• कार्यक्रम प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | २२ | **नगर स्तरीय परीक्षा सञ्चालन (कक्षा ६-१०) तथा आधारभुत तह उत्तीर्ण परीक्षा (कक्षा ८) र कक्षा ५ को स्तरमापन परीक्षण समेत:**<br>उल्लिखित कार्यक्रम **कार्यानवयन प्रक्रिया** तपसिल अनुसार गर्ने<br>(क) नगरस्तरीय परीक्षा सञ्चालन (कक्षा ६ देखि १० सम्म त्रैमासिक तथा अर्धवार्षिक, र ८ बाहेक वार्षिक समेत)<br>● भिमाद नगरपालिकाका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको बैठकबाट परीक्षा समिति गठन गर्ने।<br>● परीक्षा समितिको निर्णयानुसार कक्षा ६ देखि १० सम्मको त्रैमासिक तथा अर्धवार्षिक र कक्षा ८ र १० बाहेकको वार्षिक परीक्षाका लागि प्रश्नपत्र निर्माणको जिम्मेबारी तोक्ने<br>● परीक्षा समितिमा पेश भएका प्रश्नपत्रहरू परीक्षा समितिको बैठक बसी परीक्षा समितिका सदस्य तथा आवश्यक थप शिक्षकको उपस्थितिमा विशिष्टीकरण तालिकासँग मिलान गरी मोडरेसन गर्ने।<br>● मोडरेसन गरिएका प्रश्नपत्रहरू छपाइ गरी विद्यालयमा वितरण गर्ने।<br>● प्रश्नपत्र तयार गर्ने शिक्षकका लागि<br>I) प्रति विषय प्रति प्रश्न पत्र वापत रु ३५० (त्रैमासिक/अर्धवार्षिक)<br>II) प्रति विषय प्रति प्रश्न पत्र वापत रु ५०० (वार्षिक)<br>(ख) आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ वार्षिक)<br>● तोकिएको कार्यविधि वा मापदण्ड अनुसार परीक्षा समिति गठन गर्ने।<br>● परीक्षा समितिको निर्णयानुसार प्रतिविषय ३ सेट प्रश्नपत्र तथा उत्तरकुञ्जिका निर्माणका लागि कार्यशाला सञ्चालन गर्ने।<br>● विशिष्टीकरण तालिकासँगको मिलान सहित मोडरेसन कार्यशाला आयोजना गरी मोडरेसन गर्ने ।<br>● नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या यकिन गरी प्रश्नपत्र, उत्तरपुस्तिका र उत्तरकुञ्जिका छपाइ गरी प्रश्नपत्र तथा उत्तरपुस्तिका वितरण गर्ने।<br>● परीक्षा समितिको निर्णयानुसार परीक्षा केन्द्र तोक्ने।<br>● प्रति परीक्षा केन्द्र १ जना केन्द्राध्यक्ष तथा कक्षाकोठाको विद्यार्थी बस्न सक्ने क्षमतानुसार निरीक्षक नियुक्ती गरी जिम्मेबारी प्रदान गर्ने।<br>● सम्बन्धित विद्यालयका कार्यालय सहयोगीलाई नै सहयोगीका रूपमा तोक्ने। | १२००००० | ● नगरपालिका<br>● विद्यालय<br>● विद्यार्थी<br>● शिक्षा/ परिक्षा समिति | ● प्रस्तावना<br>● परीक्षामा सहभागी विद्यार्थी सङ्ख्या<br>● विल/भरपाई<br>● प्रतिवेदन<br>● अनुगमन प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **केन्द्राध्यक्ष तथा निरीक्षकको दैनिक पारिश्रमिक**<br>I) केन्द्राध्यक्ष दैनिक १ हजार रुपैयाँ मात्र ।<br>II) निरीक्षक दैनिक ६ सय रुपैयाँ मात्र ।<br>III) सहयोगी प्रतिकेन्द्र १ जना प्रतिदिन १ सय ५० रुपैयाँ मात्र ।<br>उत्तरपुस्तिका परीक्षण<br>I) प्रति उत्तर पुस्तिका २० रुपैयाँ<br>III) सम्परीक्षण वापत ६ रुपैयाँ<br>• आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को ग्रेडवृद्धि परीक्षाका लागि विद्यार्थी सङ्ख्याका आधारमा परीक्षा समितिको निर्णयानुसार प्रत्येक विद्यार्थीका लागि दुई विषयको परीक्षा दिने अवसर दिई परीक्षा सञ्चालन तालिका प्रकाशन गरी नियमित परीक्षाको व्यवस्थानुसार परीक्षा सञ्चालन गर्ने ।<br>**(ग) कक्षा ५ को स्तरमापन परीक्षण (वार्षिक १ पटक)**<br>• नगरपालिकाभित्रका कक्षा ५ सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको स्तरमापन परीक्षणका लागि एकीकृत स्तरमापन परीक्षण साधन तथा उत्तरकुञ्जिका तयारीका लागि कार्यशाला आयोजना गर्ने ।<br>• निर्माण गरिएका परीक्षण साधन विज्ञ शिक्षकहरूको उपस्थितिमा मोडरेसन कार्यशाला आयोजना गरी अन्तिम रूप दिने ।<br>• स्तरनिर्धारण परीक्षण साधन छपाइ गरी प्रत्येक विद्यालयमा १ जनाका दरले अन्तरविद्यालयका शिक्षकहरूमध्येबाट स्तरनिर्धारण परीक्षण सञ्चानलका लागि परीक्षक तोक्ने ।<br>• नगरपालिकाभरी एकै दिन एकै समयमा परीक्षण गरी उत्तरपुस्तिका परीक्षणको सम्पन्न गर्ने र नतिजा विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्ने ।<br>• परीक्षण सञ्चालकका लागि प्रति परीक्षक ८ सय दिने<br>परीक्षण खर्च १ उत्तर पुस्तिका वापत रु. १५ मात्र उपलब्ध गराउने । | | | |
| २३ | २३ | **वार्षिक शैक्षिक क्यालेण्डर निर्माण तथा छपाइः**<br>शिक्षा समिति/प्रधानाध्यापक बैठकबाट शैक्षिक कार्यापात्रो निर्माण समिति गठन गरी नगरक्षेत्रभित्र लागू गर्न शैक्षिक कार्यक्रमहरू समावेश गरी खरिद प्रक्रिय अबलम्वन गरी प्रकाशन गर्ने ।<br>प्रकाशित कार्यपात्रो नगरपालिका, विद्यालय, वडा कार्यालय, | १००००० | • शिक्षा शाखा<br>• प्रधानाध्यापक<br>• शैक्षिक कार्यपात्रो/क्यालेन्डर निर्माण समिति | • वडा कार्यालय<br>• संघसंस्थाहरू<br>• नगरसभाका पदाधिकारी<br>• शिक्षा समितिका पदाधिकारी<br>• शैक्षिक कार्यापात्रो प्राप्त गर्ने विद्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा नगरस्थित संघ संस्थाहरूमा वितरण गरी कार्यान्वयन गर्ने । | | | तथा शिक्षक |
| २४ | २४<br><br>३९ | **बालशैक्षणिक विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम वडा नं. ३**<br><br>**अतिरिक्त कक्षा सञ्चालन कार्यक्रम वडा नं. ४ (कक्षा ८,९ र १० सञ्चालन भएका विद्यालय**<br>माथि उल्लिखित वडा क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयको गुणस्तर सुधार योजनाका आधारमा वडा समितिको सिफारिसमा कार्यक्रमअनुसारका कक्षा   मा अध्ययनरत विद्यार्थीहरूका लागि  सिकाइ उपलब्धि वृद्धि गर्न २०८३ पुस, माघ र फागुन महिनामा अतिरिक्त कक्षा वा उपचारात्मक कक्षा सञ्चालन  गर्नका लागि विद्यालय/अभिभावकको साझेदारीमा अतिरिक्त कक्षा सञ्चनका लागि तपसिल अनुसार गर्ने<br>• विद्यालयको शिक्षण सुधारका लागि हालको उपलब्धि तथा निर्धारित लक्ष्यसहितको  कार्ययोजना<br>• बिहान वा बेलुका कम्तीमा १ घण्टा शिक्षण गर्ने विदाको दिनमा समेत कक्षा सञ्चालन गर्न सकिने<br>• अतिरिक्त कक्षा सञ्चालनको समयतालिका निर्माण<br>• अतिरिक्त कक्षा सञ्चालनको उपस्थिति (शिक्षक, विद्यार्थी)<br>• विव्यसको निर्णय<br>• सम्बन्धित वडा शिक्षा समितिको अनुगमन प्रतिवेदन<br>**सहजकर्ताका लागि प्रति घण्टा/प्रतिमहिना (२६ दिन) पारिश्रमिक**<br>• प्रतिघण्टा  ४०० का दरले उपलब्ध गराउन सक्ने<br>• विनियोजन भएको बजेटभन्दा सम्बन्धित वडाका विद्यालयबाट माग बढी आएमा दामासाहीले रकम विनियोजन गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने ।<br>• कुनै विद्यालयमा एकभन्दा बढी वर्ग (सेक्सन) सञ्चालन भएको भए थप वर्ग सञ्चालनका लागि रकम विनियोजन गर्ने ।<br>• विद्यालयको साझेदारी अनिवार्य रूपमा ३० प्रतिशत गर्नुपर्ने । | १५००००<br><br><br><br>५०००० | • सम्बन्धित वडा कार्यालय<br>• वडा शिक्षा समिति<br>• विद्यालय व्यवस्थापन समिति<br>• नगरपालिका | • सूचना प्रकाशन (नगरपालिका)<br>• विद्यालयको शैक्षिक सुधार योजना (हालको शैक्षिक अवस्था सहितको)<br>• वि.व्य.स निर्णय सहितको अतिरिक्त कक्षा सञ्चालनको कार्यतालिका तथा कार्यक्रम प्रस्ताव<br>• वडा समितिको निर्णय<br>• वडा कार्यालयको सिफारिस<br>• नगरपालिकासँग को सम्झौता<br>• कार्यादेश<br>• वडा शिक्षा समितिको नियमित अनुगमन प्रतिवेदन<br>• शिक्षक/विद्यार्थीहरूको नामनामेसी सहितको दैनिक हाजिरी विवरण<br>• शिक्षा शाखाको अनुगमन<br>• वडा कार्यालयको कार्यसम्पन्न तथा भुक्तानी सिफारिस<br>• पारिश्रमिक बुझेको भरपाई/ बैङ्क भौचर<br>• पारिश्रमिक कर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कट्टी गरी भुक्तानी दिने<br>• *अतिरिक्त कक्षा लिने विद्यार्थी सङ्ख्या* |
| २५ | २५ | **निवृत्त शिक्षक समाज भिमादका विविध कार्यक्रम**<br><br>भिमाद नगरपालिकाभित्रका शिक्षण पेशामा लामो समय व्यतित गरी निवृत्त भएका शिक्षकहरूको शैक्षिक सङ्गठनमा आबद्ध निवृत्त शिक्षक समाजबाट नगरपालिकाको शैक्षिक सुधार सम्बन्धी कार्यक्रम (अभिभावक शिक्षा, टोल सिकाइ, शैक्षिक सचेतना) सञ्चालनका लागि पेश भएको प्रस्तावनामाथि शिक्षा समितिमा छलफल गरी स्वीकृत गरिएको प्रस्तावका आधारमा भिमाद नगरपालिकासँगको सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने । उक्त रकममध्ये ३० प्रतिशत रकम निवृत्त शिक्षक समाजका विविध कार्यक्रममा एकैपटक वा पटक पटक गरी खर्च गर्न सकिने । | ५०००० | • *निवृत्त शिक्षक समाज*<br>• *नगरपालिका* | • *प्रस्तावना*<br>• *शिक्षा समितिको निर्णय*<br>• *सम्झौतापत्र*<br>• *कार्यादेश*<br>• *कार्यक्रम सञ्चालन तालिका*<br>• *प्रशिक्षण गरेको कार्यपत्र*<br>• *कार्यक्रमको उपस्थिति*<br>• *बिल/ भरपाई*<br>• *प्रतिवेदन* |
| २६ | २६ | **३ नं. वडा कार्यालय तथा शिक्षा शाखाको साझेदारीमा कोष नर आ.वि. भवन निर्माण/मर्मत कार्यक्रम**<br><br>भिमाद नगरपालिका वडा नं. ३ मा सञ्चालनमा रहेको कोष नर आ.वि. को आवश्यकताका आधारमा विद्यालयको भवन निर्माण तथा मर्मत कार्य सार्वजनिक खरिद कानुनका आधारमा सम्पन्न गर्ने | ३००००० | • *विद्यालय*<br>• *नगरपालिका* | • *विव्यस निर्णय*<br>• *लागत अनुमान*<br>• *सम्झौता*<br>• *कार्यादेश*<br>• *कार्यसम्पन्न प्रतिवेदन*<br>• *अनुसूची ३, ४, ६*<br>• *खर्च अनुमोदन*<br>• *अनुगमन*<br>• *वडाको भुक्तानी सिफारिस* |
| २७ | २७ | **प्राविधिमैत्री शिक्षण तथा सिकाइ विकास कार्यक्रम**<br><br>भिमाद नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा आधुनिक सूचना तथा सञ्चार प्रविधिमैत्री सिकाइका लागि नियमित सिकाइ सहजीकरणमा ICT को प्रयोग गरी सिकाइ सहजीकरणलाई प्रभावकारी बनाउन | ७००००० | • विद्यालय<br>• नगरपालिका | • विद्यालयको माग सङ्कलन<br>• शिक्षा समितिको निर्णय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिकाइका लागि कम्प्युटर नभएका विद्यालयहरूलाई खरिद कानुनबमोजिम कम्प्युटर तथा प्रिन्टर खरिद गरी वितरण गर्ने । | | | • ICT मा आधारित सिकाइ सहजीकरण सञ्चालन भएका विद्यालय वा<br>• *कम्प्युटर वा प्रिन्टर प्राप्त गर्ने विद्यालय* |
| २८ | २८ | **सामुदायिक विद्यालयहरूमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार (कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा, शौचालय) व्यवस्थापन तथा बालमैत्री स्थानीय तह घोषणासँग सम्बन्धित विविध कार्यक्रम**<br>नगरभित्रका सामुदायिक विद्यालयमा बालमैत्री स्थानीय तह घोषणासँग सम्बन्धित सूचक पूरा गर्नका लागि पूर्वाधार विकाससँग सम्बन्धित कार्य सञ्चालनका लागि सार्वजनिक खरिद कानुनका आधारमा खरिद तथा व्यवस्थापन गर्ने । | ५००००० | • विद्यालय<br>• नगरपालिका | • *विद्यालयको माग*<br>• *शिक्षा समितिको निर्णय*<br>• *निर्माण, खरिद तथा व्यवस्थापन*<br>• *पूर्वाधार विकास भएका विद्यालय*<br>• *कक्षाकोठा, फर्निचर, खेलमैदान, धारा तथा शौचालय निर्माण भएका विद्यालय* |
| २९ | २९ | **राष्ट्रपति रनिङ्शिल्ड तथा मेयर कप प्रतियोगिता सञ्चालन**<br>सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा ६-१२ मा अध्ययनरत विद्यार्थीहरूमध्येबाट उत्कृष्ट खेलाडी छनोट गरी जिल्लास्तरीय प्रतियोगिताका लागि विद्यालयस्तरीय खेल उत्सवको रूपमा रनिङ शिल्ड तथा मेयर कप प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था रहेको,<br>राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सञ्चालन निर्देशिका, २०७० (संशोधनसहित) को स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति मार्फत सञ्चालन गर्ने । | १६००००० | • समन्वय तथा निर्देशन समिति<br>• खेलकुद विकास समिति<br>• विद्यालय व्यवस्थापन समिति<br>• प्रधानाध्यापक<br>• विद्याथीहरू | • प्रस्तावना<br>• कार्यपालिका निर्णय<br>• विद्यार्थी दर्ता विवरण<br>• खेल तालिका<br>• सञ्चालन हुने खेलहरू<br>• उपस्थिति<br>• विल<br>• भरपाई<br>• प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | **३०** | **सामुदायिक विद्यालयका लागि कम्प्युटर, प्रिन्टर खरिद, मर्मत तथा व्यवस्थापन**<br><br>नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा रहेका कम्प्युटर, प्रिन्टर मर्मतका लागि माग भए बमोजिम तथा कमप्युटर वा प्रिन्टर आवश्यक रहेका विद्यालयमा कम्प्युटर तथा प्रिन्टर सार्वजनिक खरिद प्रक्रियामार्फत खरिद गरी वितरण गर्ने । | २५०००० | • नगरपालिका<br>• वडा कार्यालय<br>• विद्यालय | • माग सङ्कलन<br>• मर्मत भएका कम्प्युटर तथा प्रिन्टर<br>• खरिद गरिएका कम्प्युटर तथा प्रिन्टर<br>• विल भरपाई |
| ३१ | **३१** | **नगरस्तरीय शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमः**<br><br>सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको सूचना अनुसार एकीकृत सेवा कार्यालय, तनहुँले प्रकाशन गर्ने सूचना वा नगरपालिकाले तय गरेको कार्यक्रम अनुसार नगरस्तरीय शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी प्रतिभा पहिचान गर्ने ।<br><br>• कार्यक्रम एकिन गरी तोकिएका विद्यालय तथा विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी सहभागिताका लागि पत्राचार गर्ने<br>• कार्यक्रम सञ्चालनका लागि तोकिएको खर्च शीर्षकभित्रबाट खर्च लेख्ने गरी कार्यक्रम सञ्चालन  तथा व्यवस्थापन गर्ने | २५०००० | • नगरपालिका<br>• वडा कार्यालय<br>• विद्यालय | • प्रस्तावना<br>• सूचना प्रकाशन<br>• कार्यक्रममा सहभागी शिक्षक विद्यार्थी उपस्थिति<br>• विल भरपाई<br>• प्रतिवेदन |
| ३२ | **३२** | **नगरस्तरीय विषयगत डिजिटल सिकाइ सामग्री निर्माण प्रतियोगिता**<br><br>भिमाद नगरपालिकाभित्रका विद्यालयहरूमध्येबाट शिक्षा समितिले तोकेको तह, विषय र कक्षाका शिक्षकहरूद्वारा निर्माण गरिएका पाठ्यक्रम अनुसारका डिजिटल सिकाइ सामग्रीहरू सङ्कलन गरी शिक्षा तालिम केन्द्र गण्डकी प्रदेशका रोष्टर वा नगरपालिकाले निमन्त्रणा गरेका विज्ञहरूबाट मूल्याङ्कन गरी पुरस्कृत गर्ने । | १५०००० | • विद्यालय<br>• नगरपालिका | • प्रस्तावना<br>• शिक्षा समितिको निर्णय<br>• डिजिटल सिकाइ सामग्री<br>• विल/ भरपाई<br>• प्रतिवेदन |
| ३३ | **३३** | **Room to read/ Suryodaya Club सँगको सहकार्यमा बालिका शिक्षा तथा लैङ्गिक समता शिक्षा कार्यक्रम सञ्चालन :**<br><br>क) वि.सं. २०८२ देखि कक्षा ६ बाट बालिका शिक्षा तथा लैङ्गिक समता शिक्षा कार्यक्रम सञ्चालन भएका सामुदायिक विद्यालयहरू धर्म मा. वि., दीपक मा. वि. तथा बालशैक्षणिक मा. वि.  मा सामग्री व्यवस्थापनका लागि प्रतिविद्यालय रु. ५०००।०० का दरले तथा | ३००००० | • नगरपालिका<br>• शिक्षा शाखा<br>• शिक्षा समिति<br>• सहजकर्ता शिक्षक<br>• Room to | • कार्यक्रम कार्यान्वयन भएका विद्यालय<br>• कक्षाहरू<br>• विद्यार्थी<br>• सहजकर्ता शिक्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जनज्योति मा. वि. भिमाद ६ का लागि कक्षाकोठाको बसाइ तथा सामग्री व्यवस्थापनका लागि २० हजार र २०८३ देखि सञ्चालन भएका ४ वटा सामुदायिक विद्यालयहरू (अरुणोदय मा. वि., मंगलोदय मा. वि., जनज्योति आ.वि. तथा सिद्धार्थ मा. वि.) मा बालबालिका शिक्षा सञ्चालनका लागि कक्षा व्यवस्थापन तथा सामग्री व्यवस्थापनका लागि प्रति विद्यालय बढीमा रु २७०००।०० तथा सहजकर्ता शिक्षकका लागि निम्नानुसार खाजा खर्च निकासा दिने ।<br>● यो कार्यक्रम अन्तर्गतको कक्षाहरू सञ्चालन का लागि कक्षागत शिक्षकलाई प्रति पिरियड खाजा खर्च वापत रु ३ सय रुपैँया प्रोत्साहन दिने ।<br>● बालिका शिक्षा तथा लैङ्गिक समता शिक्षा कार्यक्रममा सहजीकरण गर्ने शिक्षकका लागि Room to Read तथा सूर्योदय क्लवसँगको सहकार्यमा तालिम कार्यशाला सञ्चालन गर्ने ।<br>● बचत भएको रकम कार्यक्रम अन्तर्गतका आवश्यक क्षेत्रमा खर्च गर्ने । | | read/Suryodaya Club<br>● कार्यक्रम कार्यान्वयन हुने विद्यालय | ● तालिम प्राप्त शिक्षकहरू |
| ३४ | **३४** | **विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामग्री व्यवस्थापन (नगर प्रमुख स्तरबाट खर्च गर्ने गरी)**<br>विद्यालयको भौतिक निर्माण, मर्मत तथा शैक्षिक व्यवस्थापनको क्षेत्रमा कार्य गर्नुपर्ने अवस्थामा तपसिल अनुसार कार्यान्वयन गर्ने ।<br>तपसिल<br>● भौतिक/शैक्षिक निर्माणको प्राविधिक स्टिमेट तयार गरी विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको सिफारिस सहित योजना माग गर्ने,<br>● माग भएका योजनाहरू उपयुक्त भए शिक्षा सिमिति/ कार्यपालिका निर्णयबाट योजना स्वीकृत गर्ने ।<br>● योजना/ कार्यक्रम कार्यान्वयन गर्ने ।<br>कार्यसम्पन्न प्रतिवेदनका आधारमा वडा कार्यालयको अनुगमन तथा विव्यस को कार्यसम्पन्न तथा खर्च अनुमोदनको निर्णय समेत पेश गर्न लगाई भुक्तानी दिने | ९००००० | ● नगरपालिका<br>● विद्यालय<br>● विव्यस<br>● शिक्षा शाखा | ● *विव्यस निर्णय*<br>● *लागत अनुमान*<br>● *सम्झौता*<br>● *कार्यादेश*<br>● *कार्यसम्पन्न प्रतिवेदन*<br>● *अनुसूची ३, ४, ६*<br>● *खर्च अनुमोदन*<br>● *अनुगमन*<br>● *वडाको भुक्तानी सिफारिस*<br>● भौतिक निर्माण तथा मर्मत भएको विद्यालय सङ्ख्या<br>● शैक्षिक व्यवस्थापन भएका विद्यालय सङ्ख्या |
| ३५ | **३५** | **वडा नं. ४ अन्तर्गतका विद्यालयमा वालविकास कक्षा व्यवस्थापन**<br>वडा नं.४ ले आ.व. २०८२।०८३ का लागि वडागत बजेट मार्फत आफ्नो | २५०००० | ● सम्बन्धित वडा कार्यालय<br>● नगरपालिका | ● माग सङ्कलन<br>● वडा समितिको निर्णय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडा भित्रका बालविकास कक्षा सञ्चालन भएका विद्यालयका कक्षा व्यवस्थापनका लागि सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी तपसिल अनुसार गर्ने<br>तपसिल<br>• वडाभित्रका विद्यालयहरूबाट वडा कार्यालयले माग सङ्कलन गर्ने<br>• बजेटको सीमामा रही व्यवस्थापन गर्न सकिने बालविकास कक्षाका सामग्री तथा कार्यहरूको सूची शाखामा पेश गर्ने<br>• सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी खरिद गर्ने<br>• वडा कार्यालयलाई हस्तान्तरण गर्ने<br>सामग्री वितरणको भरपाई पेश गर्ने। | | • विद्यालय | • वडाको सिफारिस<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• वडाको कार्यसम्पन्न प्रतिवेदन<br>• विल भरपाईहरू |
| ३६ | ३६ | **जनज्योति क्याम्पसमा अध्ययनरत वडा नं. ५ का गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यक्रम (वडा नं. ५)**<br>भिमाद नगरपालिका ५ नं. वडामा स्थायी बसोबास गरी जनज्योति क्याम्पस, भिमादमा नियमित कक्षामा अध्ययनरत विद्यार्थीलाई तपसिल अनुसार छात्रवृति दिने<br>• कक्षा १२ उत्तीर्ण गरी पहिलो वर्ष भर्ना भई नियमित अध्ययन गरेको<br>• छात्रवृत्तिको सूचना प्रकाशन हुँदासम्म ७० प्रतिशत रुजु हाजिर भएको,<br>• दोस्रो, तेस्रो र चौथो वर्षको हकमा अघिल्लो वर्ष नियमित उत्तीर्ण भएको<br>• चौथो वर्ष उत्तीर्ण भएको विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध नहुने<br>• वडा समितिले गरिब तथा जेहन्दार विद्यार्थी भनी सिफारिस गरेको<br>• **वार्षिक रू १० हजार**का दरले छात्रवृत्ति रकम वडाको सिफारिसमा सम्बन्धित विद्यार्थीको बैंक खातामा निकासा दिने | १००००० | • सम्बन्धित वडा कार्यालय<br>• जनज्योति क्याम्पस<br>• नगरपालिका<br>• छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | • सूचना<br>• सम्बन्धित विद्यार्थीको निवेदन<br>• विद्यार्थीले अन्य छात्रवृत्ति नलिएको स्वघोषणा<br>• जन्मदर्ता/नागरिकता<br>• बैङ्क खाता नम्बर स्पष्ट देखिने चेकको प्रतिलिपि<br>• वडा समितिको निर्णय सहितको सिफारिस<br>• शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि<br>• क्याम्पसमा भर्ना भएको रसिद तथा परिचयपत्र<br>• उक्त प्रकृतिको कुनै छात्रवृत्ति नलिएको क्याम्पसको सिफारिस तथा रूजु हाजिर प्रमाणित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामनामेसी सहितको विवरण |
| ३७ | **३७** | **जनशान्ति युवा क्लब मार्फत भलिबल प्रशिक्षण कार्यक्रम**<br><br>भिमाद नगर पालिका वडा नं. ६ मा बसोबास गर्ने बालबालिका तथा युवाहरूलाई खेलाडीको रूपमा तयार गर्न प्रशिक्षण गर्ने र दक्ष भलिबल खेलाडी तयार पारी अनुशासन तथा नेतृत्व विकास गराई भविष्यको योग्य खेलाडीको रूपमा विकास गर्न ३ महिना भलिबल प्रशिक्षणका लागि तपसिल अनुसार गर्ने<br><br>तपसिल<br><br>(१) विद्यालय सञ्चालन हुने बाहेकको समय तथा विद्यालयका परीक्षाको नजिकको समय बाहेकका दिनमा प्रशिक्षण गर्ने ।<br><br>(२) प्रशिक्षकले प्रशिक्षक प्रशिक्षण प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने, सहायक प्रशिक्षक समेत २ जना राख्न सकिने<br><br>(३) वडा कार्यालय वा नगरपालिकाले कार्यसम्पादन सम्झौता गरी मूल प्रशिक्षकले प्रशिक्षणण गरेको मासिक बढीमा रू २००००।० (अक्षरेपि बिस हजार) का दरले सहायक प्रशिक्षक २ जना मासिक रू १२०००।० (अक्षरेपि बाह्र हजार) का दरले पारिश्रमिक उपलब्ध गराउने ।<br><br>(४) प्रशिक्षण प्रतिदिन न्यूनतम २ घण्टा गर्नुपर्ने ।<br><br>(५) भलिबल खेलका लागि आवश्यक पर्ने सामग्रीहरू (भलिबल, जाली, चुना, प्राथमिक उपचार सामग्री, पोशाक आदि) खरिद<br><br>(६) वडा कार्यालयले आफैं वा क्लव/ समूहमार्फत कार्यक्रम कार्यान्वयन गर्न सक्ने । | १००००० | • सम्बन्धित वडा कार्यालय<br>• नगर खेलकुद विकास समिति<br>• नगरपालिका | • सूचना प्रकाशन<br>• खेलकुद कार्यक्रम प्रस्ताव र स्वीकृति<br>• वडा समितिको सिफारिस सहितको निर्णय<br>• वडा कार्यालयबाट खेलाडी तथा प्रशिक्षकको प्रमाणित हाजिरी प्रतिवेदन<br>• कार्यसम्पादन सम्झौता<br>• पारिश्रमिक बुझेको भरपाई वा बैङ्क जम्मा भौचर<br>• बिल तथा भरपाई<br>• अनुगमन प्रतिवेदन<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन तथा भुक्तानी सिफारिस<br>• प्रशिक्षित खेलाडि सङ्ख्या |
| ३८ | **३८** | **विज्ञान प्रयोगशाला वडा नं. ४ (कक्षा ८, ९ र १० सञ्चालन भएका विद्यालय)**<br><br>वडा नं.४ ले आ.व. २०८२।०८३ का लागि वडागत बजेट मार्फत आफ्नो वडा भित्रका ८ कक्षा वा सोभन्दा माथिका कक्षा सञ्चालन भएका विद्यालयहरूलाई विज्ञान प्रयोगशालाका सामग्री वितरणका लागि | १००००० | • सम्बन्धित वडा कार्यालय<br>• नगरपालिका | • माग सङ्कलन<br>• सामग्री खरिद<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• वडाको सिफारिस<br>• विल भरपाईहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी तपसिल अनुसार गर्ने<br><br>तपसिल<br>• वडाभित्रका विद्यालयहरूबाट वडा कार्यालयले माग सङ्कलन गर्ने<br>• बजेटको सीमामा रही खरिद गर्न सकिने विज्ञान सामग्रीहरूको सूची शाखामा पेश गर्ने<br>• सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी खरिद गर्ने<br>• वडा कार्यालयलाई हस्तान्तरण गर्ने<br>• सामग्री वितरणको भरपाई पेश गर्ने। | | | |
| ३९ | ४० | **युवा लक्षित खेलकुद सामग्री खरिद तथा वितरण कार्यक्रम वडा नं. २**<br><br>वडा नं.२ ले आ.व. २०८२।०८३ का लागि वडागत बजेट मार्फत आफ्नो वडा भित्रका युवा क्लब तथा विद्यालयहरूलाई खेलकुद सामग्री वितरणका लागि सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी तपसिलका प्रक्रिया अवलम्बन गरी वितरण गर्ने<br><br>तपसिल<br>• वडाभित्रका क्लव, समूह, विद्यालयहरूबाट वडा कार्यालयले माग सङ्कलन गर्ने<br>• बजेटको सीमामा रही खरिद गर्न सकिने खेल सामग्रीहरूको सूची शाखामा पेश गर्ने<br>• सार्वजनिक खरिद प्रक्रिया अवलम्बन गरी खरिद गर्ने<br>• वडा कार्यालयलाई हस्तान्तरण गर्ने<br>• सामग्री वितरणको भरपाई पेश गर्ने। | १००००० | • सम्बन्धित वडा कार्यालय<br>• नगरपालिका | • माग सङ्कलन<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• वडाको सिफारिस<br>• विल भरपाईहरू |
| ४० | ४१ | **शिक्षा शाखा तथा विषयगत विज्ञको सहभागितामा विद्यालयको प्रशासनिक तथा शैक्षिक कार्यक्रमहरूको सुपरिवेक्षण एवम् अनुगमन :**<br><br>भिमाद नगरपालिका भित्रका सामुदायिक विद्यालयहरू तथा शिक्षकहरूको सिकाइ स्तरलाई थप सबल बनाई विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर वृद्धि गर्न शिक्षा शाखाका कर्मचारी, नगरक्षेत्र भित्रका विषयगत विज्ञ शिक्षक तथा नगर शिक्षा समितिका पदाधिकारी समेतको सहभागितामा कक्षा अवलोकन गरी पेशागत सहयोग तथा पृष्ठपोषण | २००००० | • शिक्षा शाखा<br>• शिक्षा समिति<br>• विद्यालय<br>• प्रधानाध्यापक | • अवलोकन फाराम<br>• अवलोकन प्रतिवेदन<br>• पृष्ठपोषण प्रदान गरिएका शिक्षक<br>• अवलोकन गरिएका विद्यालय तथा विद्यार्थी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रदान गर्ने ।<br>• शिक्षा शाखाबाट अनुगमन फाराम विकास गर्ने ।<br>• अवलोकन कर्ताले विद्यालय/कक्षा अवलोकन फारम भरी शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने<br>• नगरपालिकामा अनुगमन प्रतिवेदन पेश गर्ने<br>अनुगमन वापत भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०८१ अनुरुपको भत्ता प्रदान गर्ने । | | | |
| ४१ | **४२** | **स्वीकृत मापदण्ड बमोजिमको गुणस्तरका आधारमा नगरपालिका भित्रका विद्यालयको स्तरीकरण तथा सत्यापनका लागि अनुगमन**<br>नगर शिक्षा समितिको निर्णयानुसार भिमाद नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूको स्तरीकरणका लागि कार्ययोजना तयार गरी तोकिएका स्तरीकरण सूचकका आधारमा सबै विद्यायलहरूको तोकिएका सूचकका आधारमा तपसिल अनुसार स्तरनिर्धारण परीक्षण गर्ने ।<br>तपसिल<br>शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तोकेबमोजिम स्तरीकरणका कार्य सञ्चालन गर्ने वा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयबाट प्रकाशित स्तरीकरण सूचक, २०८१ (संशोधनसहित) का आधारमा नगरपालिकाका सबै विद्यालयको स्तरीकरण गरी सार्वजनिक गर्ने ।<br>स्तरीकरण सूचक छपाइ गरी विद्यालयगत प्रधानाध्यापकहरूलाई अभिमुखीकरण, स्वमूल्याङ्कन तथा मूल्याङ्कन गरी स्तरनिर्धारण सूची सार्वजनिक गर्ने ।<br>शिक्षा शाखा/ शिक्षा समितिका पदाधिकारी/वडा शिक्षा समितिका पदाधिकारी समेतको उपसस्थितिमा सूचक परीक्षण गर्ने वा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको प्राविधिक सहयोग लिई स्तरनिर्धारण परीक्षण गर्न सक्ने । उपलब्ध बजेटको परिधिमा रही साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने | १००००० | • विव्यस<br>• प्रधानाध्यापक<br>• शिक्षा समिति<br>• नगरपालिका | • प्रस्तावना<br>• उपस्थिति<br>• प्रतिवेदन<br>• प्रोत्साहन प्राप्त गर्ने विद्यालय<br>• स्तरीकरण गरिएका विद्यालय सङ्ख्या |
| ४२ | **४३** | **प्र.अ. / शिक्षक शैक्षिक अवलोकन भ्रमण:**<br>आ.व. २०८२/०८३ मा शैक्षिक सत्र वा आ.व. मा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूलाई नमुना शैक्षिक संस्थाहरूको अवलोकन तथा ऐतिहासिक पर्यटकीय स्थलहरूको अवलोकनका लागि | २००००० | • नगरपालिका<br>• शिक्षा शाखा<br>• विद्यालय | • प्रस्तावना<br>• भ्रमण प्रतिवेदन<br>• फोटाहरू<br>• सहभागी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रधानाध्यापक/ शिक्षकहरूको अवलोकन भ्रमणका लागि निम्नानुसार प्रक्रिया पूरा गरी खर्च लेख्ने<br>**आवश्यक कागजातहरु:**<br>● भ्रमण प्रस्तावना<br>● भ्रमण प्रतिवेदन<br>● प्र.अ./ शिक्षकहरूको भ्रमणमा उपस्थित भएको विवरण<br>● भ्रमण पुष्टि गर्ने फोटो, गाडीभाडा सम्झौता<br>अन्य आवश्यक कागजातहरू | | | प्रधानाध्यापक/ शिक्षक/ कर्मचारी |
| ४३ | ४४ | **रघु मा. वि. स्मार्ट वोर्ड व्यवस्थापन योजना**<br>यस क्रियाकलापमा बजेट विनियोजन भएको विद्यालयलाई आ.इ.सि.टि ल्याब समग्री व्यवस्थापन गर्दा भिमाद नगरपालिकाले स्वकृत गरेको स्पेसिफिकेसन अनुसारका सामग्री मर्मत तथा खरिद व्यवस्थापन गरी सञ्चालन गर्न सक्ने । वा<br>विद्यालयको आवश्यकताको आधारमा नगरपालिकाबाट सार्वजनिक खरिद ऐन  तथा नियमावली बमोजिम खरिद गरी व्यवस्थापन गर्ने ।<br>● विद्यालयको प्रस्तावना<br>● विव्यस निर्णय<br>● वडा समितिको निर्णय<br>● वडा कार्यालयको कार्यसम्पन्न प्रतिवेदन | २००००० | ● रघु मा. वि.<br>● शिक्षा शाखा<br>● नगरपालिका | ● स्मार्ट बोर्ड<br>● लाभान्वित विद्यालय<br>● विद्यार्थी<br>● शिक्षक |

नोटः यो कार्यविधि भिमाद नगर कार्यपालिकाको निर्णयानुसार संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

**समाप्त**